# बरुण हाईड्रोपावर कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय ,अनामनगर, काठमाण्डौ ।

फोन नं. ०१-५७०५५९०

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/११/०५

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७९/११/०३ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस बरुण हाईड्रोपावर कम्पनी लि.को १९ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**

स्थान : युनियन हाउस, अनामनगर, काठमाण्डौं ।

मिति : २०७९/११/२८ गते आईतबार (तद्नुसार १२ मार्च, २०२३)

समय : विहान १०.०० वजे ।

**छलफलका लागि प्रस्तावित विषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।

(२) आ.व.२०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा।

(३) आ. व.२०७९/०८० को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवंम निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(४) आ.व.२०७८/७९ मा संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने ।

(५) कम्पनीले गरेका लगानी स्वीकृत गर्ने साथै लगानी सम्बन्धी संचालक समितिलाई अख्तीयारी दिने सम्बन्धमा ।

(५) संस्थापक शेयरधनीहरुबाट ४ जना तथा सर्वसाधारण शेयरधनीबाट २ जनाको प्रतिनिधित्व हुने गरी संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

(१) यस बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको १९ औं वार्षिक साधारण सभाको प्रयोजनार्थ मिति २०७९/११/१५ गते सोमबार (एक दिन) शेयर खरिद बिक्री, दाखिल खारेज (शेयरधनीदर्ता पुस्तिका) बन्द हुने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

(२) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचयपत्र खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

(३) शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ०९:०० वजे देखि १०:०० वजे सम्म खुल्ला रहनेछ ।

(४) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर-२९ काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

(५) प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(६) साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौं-२९, अनामनगरमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**नोटः** मिति २०७९/११/०४ गते प्रकाशित १९औं वार्षिक साधारण सभा सम्वन्धी सूचनामा **सभा हुने मिति २०७९/११/२८ गते आईतबार (तद्नुसार १२ मार्च, २०२३)** हुनुपर्नेमा अन्यथा भएकोले सच्याईको जानकारी गर्दछौं ।